**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 28.11.2024**

- **RJ Reply**

केन्द्रिय विदेश राज्यमन्त्री श्री किरती वर्धन सिंहले भन्नुभएको छ, सिक्किमको नाथुला पासबाट भएर वर्ष २०१५-देखि अनि उत्तराखण्डको लिपुलेख पासबाट भएर वर्ष १९८१-देखि शुरू गरिएको कैलाश मानसरोवर यात्रामा वर्ष २०२०-देखि कोभिड १९ अनि पछि गरिएको प्रतिबन्धका कारण रोक लगाइएको छ। सिक्किमका राज्यसभा सांसद श्री दोर्जी छिरिङ लेप्चाले आज राज्यसभामा राखेको प्रश्नको लिखित उत्तर दिँदै उहाँले यो जानकारी दिनुभएको हो। यो यात्रा सञ्चालन हुँदाको समयमा भारत सरकारले उठाउने गरेका विभिन्न सुविधाजनक पहलहरूको बारेमा बोल्दै उहाँले भन्नुभयो, यसमा पञ्जीकरण र चयन प्रक्रियालाई सरल अनि त्वरित बनाउन एउटा समर्पित वेबसाइट साथै यात्रीहरूसित सञ्चार अनि एउटा द्विभाषी हेल्पलाइन शामेल छ। मन्त्रीले यात्रीहरूलाई स्वभुक्तानको आधारमा बस्ने व्यवस्था, खानपान, परिवहन र अन्य सुविधाहरू उपलब्ध गर्ने गरेको पनि जानकारी गराउनुभयो। श्री सिंहले भन्नुभयो, भारत सरकारले यात्रीहरूलाई व्यक्तिगत रूपमा कुनै प्रत्यक्ष नगद अनुदान उपलब्ध नगराए पनि विज्ञापन, परिचय पत्र, पोस्टर, प्रमाणपत्र आदिको मुद्रण र सम्पर्क अधिकारीहरूका लागि चिनियाँ सिम कार्ड किन्नमा खर्च गर्दछ। उहाँले सरकारद्वारा यात्रा गर्ने मार्गको सुधार गर्न समय समयमा वित्तीय सहायता प्रदान गर्ने गरेको पनि जानकारी दिनुभयो।

---------------------------------------X---------------------------------------

- **CPS Lab in Chisopani**

नाम्ची जिल्लाको चिसोपानीस्थित कम्प्युटर तथा सञ्चार प्रौद्योगिकी केन्द्र (CCCT)-मा हिजो पूर्वोत्तर भारतकै पहिलो कृषि तथा जल प्रविधि विकास केन्द्र, साइबर-भौतिक प्रणाली (CPS) प्रयोगशालाको उदघाटन गरियो। भारतीय प्रौद्योगिकी संस्थान, रोपारसितको सहकार्यमा राज्यको इतिहासमा पहिलोपल्ट भएको यस कार्यक्रममा IIT-को टोलीसहित कौशल विकास विभागका निदेशक, सोरेङ र नाम्चीका मुख्य शिक्षा अधिकारी लगायत अन्यको उपस्थिति थियो। उपस्थित अतिथिगणद्वारा प्रयोगशालाको उदघाटन गर्नका साथै यसको अवलोकन गरिएपछि बसेको बैठकमा CPS प्रौद्योगिकीको विकास, भविष्यमा हुने सम्भावित सहयोग र नवीनताबारे चर्चा गरियो। यस अवसरमा IIT, रोपारकी मुख्य कार्यकारी अधिकारी डाक्टर राधिका तिर्खाले यस प्रविधिको सम्बन्धमा जानकारी प्रदान गर्नुभयो। समारोहमा संस्थानको इलेक्ट्रोनिक्स एवं सञ्चार अभियान्त्रिकी विभागको newsletter-को विमोचन गरियो। सूचना एवं जनसम्पर्क विभागद्वारा हालै आयोजन गरेको वित्तचित्र निर्माण प्रतियोगिताका विजेता विद्यार्थीहरूलाई कार्यक्रममा पुरस्कार पनि प्रदान गरियो।

---------------------------------------X---------------------------------------

- **Felicitation to Power Employees**

विद्युत विभागका सल्लाहकार विधायक श्री सञ्जीत खरेलको उपस्थितिबीच विद्युत विभागका कर्मचारीहरूले गरेको असाधारण समर्पण र कडा मेहेनतको कदर गर्दै सम्मान जनाइयो। लाग्याप जालिपुलस्थित State Designated Agency कार्यालयमा आज आयोजित कार्यक्रमको उद्देश्य नागरिकलाई निर्बाध विद्युत आपूर्ति सुनिश्चित गर्ने कर्मचारीहरूलाई विशेषरूपमा सम्मान गर्नु रहेको थियो। विभागका प्रधान मुख्य अभियन्ता एवं सचिवको विशेष उपस्थिति रहेको कार्यक्रममा विभागीय कर्मचारीहरूले आर्थिक समस्या बिनै आफ्नो लक्ष्य प्राप्त गर्न सकुन भन्ने उद्देश्यले ब्याज मुक्त ऋण योजनाको शुरूवात गरियो।

---------------------------------------X---------------------------------------

- **National Seminar**

उत्तरपूर्वी क्षेत्रीय केन्द्र, भारतीय ऐतिहासिक अनुसन्धान परिषद, गुवाहाटीद्वारा सिक्किम विश्वविद्यालयसितको सहकार्यमा भारतीय संविधान र राम राज्यको विचारमाथि आयोजित दुई दिवसीय राष्ट्रिय संगोष्ठीको आज शुरूवात भयो। सिक्किम विश्वविद्यालयका कुलपति प्राध्यापक डाक्टर ज्योतिप्रकाश तामाङको विशेष उपस्थितिमा चिन्तन भवनमा सम्पन्न भइरहेको संगोष्ठीको उदघाटनीय समारोहमा अखिल भारतीय इतिहास संकलन योजनाका संगठन सचिव डाक्टर बाल मुकुन्द पाण्डे प्रमुख अतिथि हुनुहुन्थ्यो।
यस दुई दिवसीय संगोष्ठिमा भारतीय संविदानको निर्माण लगायतका विषयमाथि चर्चा हुनेछ।

---------------------------------------X---------------------------------------

- **Workshop**

समुदायमा टिकाउ अभ्यासहरूको प्रवर्द्धन गर्दै महिलाहरूलाई सशक्त बनाउन र समुदायमा क्षमता निर्माण गर्ने लक्ष्यका साथ यहाँको मनन् केन्द्रमा आजदेखि दुई दिवसीय क्षमता विकास कार्यशाला शुरू भयो। योग्य समुदायको निर्माण: पूर्वोत्तरमा महिला र दिगो पारिस्थितिकी तन्त्र विषयमाथि आयोजना गरिएको कार्यशालाको उद्देश्य जागरूकता फैलाउनु, क्षमता निर्माण गर्नु र प्रतिभागीहरूलाई उपकरण र ज्ञानले युक्त बनाउनु हो। सिक्किम राज्य महिला आयोगले राष्ट्रिय महिला आयोगसितको सहकार्यमा आयोजना गरेको कार्यक्रममा बोल्दै महिला तथा बाल विकास विभागकी परियोजना निदेशक एवं सचिव श्रीमती नोर्मित लेप्चाले कार्यशाला सबै प्रतिभागीहरूका निम्ति फलदायक साबित हुनका साथै यसबाट सबै आवश्यक ज्ञानले युक्त बन्नसक्ने कुरामाथि विश्वास व्यक्त गर्नुभयो। सिसको ब्याङ्ककी शाखा प्रबन्धक श्रीमती छिरिङ डोलमा भोटियाले सिक्किम राज्य सहकारी ब्याङ्क लिमिटेडको भूमिकामाथि प्रस्तुति दिनुभयो। उहाँले महिलाहरूलाई सहयोग बनाउने उद्देश्यका साथ ब्याङ्कले शुरू गरेको सेवा र पहलबारे पनि बताउनुभयो।

---------------------------------------X---------------------------------------

- **BVMB**

बाल विवाह उन्मुलन गर्नका साथै प्रत्येक युवा र युवतीहरू बाल विवाहको दबाउबाट मुक्त सुरक्षित वातावरणमा हुर्किन सकुन् भन्ने उद्देश्यका साथ देशभरि अहिले बाल विवाह मुक्त भारत अभियान चलाइँदैछ।
यस अभियानको एक भागको रूपमा सिक्किम राज्यका विभिन्न भागमा मानिसहरूलाई यस विषयमा जागरूक बनाउने उद्देश्यले विभिन्न गतिविधिका साथ कार्यक्रम आयोजन भइरहेछन्।
गेजिङमा आज आयोजन गरिएको कार्यक्रममा जिल्ला समन्वयक सुश्री रोमा बस्नेतले बाल विवाह उन्मुलनको महत्त्व र समाजमा पर्ने यसको नकारात्मक असरबारे बताउनुभयो।
कार्यक्रममा उपस्थित श्री प्रयास प्रधानले बाल विवाह निषेध ऐन, २००६ अनि असामाजिक क्रियाकलापलाई रोक्नमा रहने सरकारी कर्मचारीहरूको जिम्मेवारीबारे बताउनुभयो।

---------------------------------------X---------------------------------------